# अवैध तथा घरेलु मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना, २०७७

## पृष्ठभूमि:

मुलुकको साझा समस्याको रुपमा रही आएको अवैध र विकी वितरण मदिराको प्रयोग जुम्ला जिल्लामा पनि समस्याको रुपमा देखा परेको छ । सडक सञ्जालको पहुँच र शहरीकरणको शुरुवातसंगै यस जिल्लाका विभिन्न स्थानमा अवैध घरेलु मदिरा प्रयोगकर्ताको संख्या क्रमश बढ्दै गएको पाईएको छ । मदिरा प्रयोगले अपराधिक घटना एवं धन जनको क्षति, समयको बर्वाद, झै झगडा, हिंसा लगायतका सामाजिक अपराध समेत हुने समस्या बढ्दै गईरहेको देखिन्छ । अवैध तथा घरेलु मदिरा नियन्त्रणमा जुम्लामा रहेका सम्पूर्ण सरोकारवाला निकायहरु लागिपरिरहेका छन् । तथापी जिल्लालाई मदिरा मुक्त बनाउन सकिएको छैन । अन्य स्थानमा जस्तै यस जिल्लामा पनि मदिरा प्रयोगकर्ताहरु देखासिकी गरेर, रमाइलोमा फसेर, साथीभाईको लह लईमा लागेर, बानीनै परेर बढदै गएको पाईन्छ, विशेष गरी अर्ध शहरी तथा ग्रामीण बस्तीहरुमा यसको लतमा फसेको पाईन्छ ।

मदिराको अवैध उत्पादन, ओसार-पसार, कारोवार एवं आपूर्तिमा कडाईका साथ नियन्त्रण (Supply Control) गरी यससँग सम्बन्धित अपराधमा कमी ल्याउन विभिन्न नियन्त्रणमुखी कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक भैसकेको छ । यसैगरी मदिरा प प्रयोगलाई निरुत्साहित गर्न समुदायस्तरमा विभिन्न सचेतना मूलक एवं दवावमूलक कार्यक्रमका साथै सो सँग सम्बन्धित पालिकास्तरमा जनचेतना मूलक कार्यक्रमलाई प्रभावकारी तुल्याउनु आवश्यक देखिन्छ । सरकारको एक्लो प्रयासबाट मात्रै यसको रोकथाम, नियन्त्रण तथा उचित व्यवस्थापन गर्न कठीन हुन्छ । यसका लागि सरकारी तथा गैरसरकारी पक्ष, नागरिक समाज, नीजि क्षेत्र, विज्ञ एवं प्रयोगकर्ता तथा प्रत्येक सचेत नागरिकको संयुक्त सहकार्य र समन्वयको पनि त्यत्तिकै आवश्यक भैसकेको छ ।

आ.व. ०७६/०७७ मा यस कार्यालयबाट मादक पदार्थ सेवनमा गरिएका कारवाहीको विवरण

| सि.नं. | कारवाही भएका संख्या | कारवाहीको अवस्था | कैफियत |
|---|---|---|---|
| १. | ९ | ९०००/-(आर्थिक जरीवाना) | स्थानीय प्रशासन ऐन २०२८ बमोजिम कारवाही गरिएको |
| २. | ५ | मुद्दा चलाएको | अभद्र व्यवहार सम्बन्धी मुद्दा चलाएको |
| ३. | २१ | सामान्य कारवाही | जिल्ला प्रशासन कार्यालयबाट सामान्य कारवाही गरिएको |
| ४. | ७९ | - | सम्झाई बुझाई गरी पठाईएको |

**श्रोत:- जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालय, जुम्ला**

**विद्यमान समस्याहरु:**

१. अवैध मदिराको कारोवार तथा प्रयोग बढीरहेको ।

२. मदिराको प्रयोगका कारण जनधनको क्षति, चोरी, झै झगडा र हिंसाजन्य घटना लगायत समाजमा अपराधिक घटना घट्ने गरेको ।

३. घरेलु हिंसा र महिला माथिको हिंसा जस्ता घटना कारक तत्वको रुपमा रहेको ।

४. वर्तमान युवा पिढी लगायत हरेक उमेर वर्गका व्यक्तिहरु अत्याधिक मदिरा सेवनको दलदलमा फसिरहेको ।

**उदेश्य:**

१ अवैध मदिराको, उत्पादन, ओसार-पसार र बेचविखनमा नियन्त्रण गरी यससँग सम्बन्धित अपराधमा कमी ल्याउने ।

२. मदिरा प्रयोगकर्ता, निजको परिवार र समुदायमा कडा तथा दीर्घ रोग संक्रमणको जोखिम न्यूनीकरण गर्ने ।

३. मदिराको प्रयोगमा रोकथाम तथा नियन्त्रणसँग प्रत्यक्ष एवं परोक्ष रुपमा सरोकार राख्ने विभिन्न निकायहरु वीच सहकार्य र साझेदारी प्रवर्द्धन गर्ने ।

४. मदिरा प्रयोगकर्ताको संख्या, स्वरुप तथा असर बारे आवधिक तथा आधारभूत सर्भेक्षणको आधार तय गर्ने ।

**विद्यमान कानुनी व्यवस्था:**

१. मदिरा ऐन, २०३१

२. मदिरा नियमहरु, २०३३

अवैध तथा घरेलु मदिरा नियन्त्रण तथा व्यवस्थापन कार्ययोजना, २०७६

~~लागु औषध कार्ययोजना, २०७७~~

| सि. न. | मूख्य मूख्य क्रियाकलापहरु | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | उपलब्धी सूचक | कैफियत |
|---|---|---|---|---|---|---|
| क. | **सचेतना कार्यक्रम सञ्चालन:**<br>१. सामुदायिक विद्यालयमा मादक पदार्थ दुर्व्यसनका असर र प्रभावका बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।<br>२. सेवनकर्ताको पविारका सदस्यहरुबीच सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने ।<br>३. जोखिममा रहेका बालबालिका तथा महिलामुखी चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।<br>४. समुदायस्तरमा र्‍याली, प्लेकार्ड, माईकिंग, सडक नाटक, सांस्कृतिक कार्यक्रम मार्फत सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने । | जिल्ला प्रहरी कार्यालय/ समुदाय प्रहरी साझेदारी कार्यक्रम | स्थानीय तह, विद्यालयहरु तथा नागरिक समाज | निरन्तर | मदिरा नियन्त्रणमा समुदायस्तरको सचेतना वृद्दि भएको हुने । | |
| ख. | **अर्न्तक्रिया कार्यक्रम सञ्चालन:**<br>१. मदिरा नियन्त्रणका क्षेत्रमा काम गर्ने सरोकारवालाबीच जिल्लास्तरीय अर्न्तक्रिया कार्यक्रम सञ्चालन गर्ने ।<br>२.मदिरा नियन्त्रण सम्बन्धी स्थानीय तहस्तरीय अर्न्तक्रिया तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, गैर सरकारी संस्था तथा नागरिक समाज | निरन्तर | जिल्ला तथा स्थानीय तहस्तरीय अर्न्तक्रिया कार्यक्रम सञ्चालन भई मदिरा नियन्त्रणमा योगदान पुगेको हुने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ग<br><br>घ. | अवैध तथा घरेलु मदिरा नष्ट गर्ने ।<br><br>वैध मदिरा वेचविखन तथा विकी वितरण सम्बन्धि प्रचलित कानुन बमोजिम नियमन तथा व्यवस्थापन गर्ने । | जिल्ला प्रहरी कार्यालय | स्थानीय तह, गैर सरकारी संस्था तथा नागरिक समाज | श्रावण तथा भाद्र महिना भित्र | जिल्लाभित्र अवैध तथा घरेलु उत्पादित मदिरा भएको नहुने । | |
| ङ. | **दवाव समूह गठन गर्ने:**<br>अवैध मदिराको, उत्पादन, ओसार-पसार र वेचविखन जस्ता क्रियाकलापहरुको नियन्त्रणमा सघाउ पुऱ्याउन जिल्लास्तरीय, स्थानीय तहस्तरीय तथा वडास्तरीय दवाव समूह गठन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थिानीय तह, जल्ला प्रहरी कार्यालय, गैर सरकारी संस्था,नागरिक समाज तथा आमा समूह | श्रावण तथा भाद्र महिना भित्र | स्थानीयस्तरमा दवाव समूह गठन भई क्रियाशिल भएको हुने । | |
| च. | मादक पदार्थको दुर्व्यसनमा फसेका व्यक्तिका लागि पुनर्स्थापना केन्द्रको स्थापना गर्न पहल गर्ने । | स्थानीय तह | गैर सरकारी संस्था, नागरिक समाज | यथासीघ्र | पुनर्स्थापना केन्द्रको स्थापना भई सञ्चालन भएको हुने । | |
| छ | **कानुनी कारवाही गर्ने:**<br>१. अवैध मदिरा, उत्पादन, ओसार-पसार र वेचविखन जस्ता क्रियाकलापमा संलग्नलाई प्रचलित कानुन बमोजिम पक्राउ गर्ने ।<br>२.मदिरा सेवन गरी हो हल्ला गर्ने, सामाजिक सद्भावना खलल् पुऱ्याउने, शान्ति अमनचयन भंग गर्ने, भैं-भगडा | जिल्ला प्रहरी कार्यालय | जिल्ला प्रशासन कार्यालय, जिल्ला सरकारी वकील कार्यालय, अन्य सुरक्षा | निरन्तर | अवैध मदिरा, उत्पादन, ओसार-पसार र वेचविखन जस्ता क्रियाकलापमा संलग्न व्यक्तिलाई कानुनी कारवाही भएको हुने । | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | गर्नेलाई प्रचलित कानुन बमोजिम पक्राउ गर्ने ।<br>३. अवैध मदिरा, उत्पादन, ओसार-पसार र बेचबिखन जस्ता क्रियाकलापमा संलग्नलाई मुद्दा चलाउन सम्बन्धित निकायसंग समन्वय गर्ने । | | निकाय तथा नागरिक समाज | | | |
| ज. | **अनुगमन तथा निरीक्षण गर्ने:**<br>१. अवैध मदिराको आपूर्ति, कारोवार र प्रयोग गर्ने गिरोहको पहिचानका गर्न विशेष टोली परिचालन गरी operation गर्ने ।<br>२. अवैध मदिराको बेचबिखन शंकास्पद पसल, होटल तथा रेष्टुरेन्ट लगायतका अन्य स्थानको आकस्मिक निरीक्षण गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सुरक्षा निकाय, गैर सरकारी संस्था | निरन्तर | निरन्तर अनुगमन तथा मूल्यांकन भएको हुने । | |

**अपेक्षित उपलब्धी:**

मदिराको अवैध उत्पादन, ओसार-पसार, कारोवार एवं आपूर्तिमा कडाईका साथ नियन्त्रण भई जुम्ला जिल्लालाई मदिरा प्रयोगमुक्त र अपराध न्यूनीकरण उन्मुख हुनेछ । यसका लागि सरकारी तथा गैर सरकारी क्षेत्र, स्थानीय तह, निजी क्षेत्र, नागरिक समाज तथा अनुसन्धानमूलक संस्थाहरुको आपसी सम्बन्ध, समन्वय र सहकार्यमा वृद्दि भई सभ्य, सुसंस्कृत र श्रृजनशील नागरिक तथा सभ्य एवं आदर्श समाजको निर्माण हुनेछ ।